# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा
### बिरगंज, पर्सा

**सूचना प्रकाशन मिति : २०८१/०३/३०**

**कक्षा ११/ कक्षा ९ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

वीरगंज महानगरपालिका भित्र सञ्चालित कक्षा ११/कक्षा ९ अध्यापन हुने संस्थागत शिक्षण संस्थामा **शैक्षिक सत्र २०८१ र २०८२ का लागि छात्रवृत्ति**मा विद्यार्थी छनौट गर्नको लागि **२०८० सालको BEE(कक्षा ८ ) /SEE परीक्षामा सफल भएका विद्यार्थीहरूले मिति २०८१ असार ३० गते बिहान १०:०० बजेदेखि मिति २०८१ साउन १३ गते आइतबार राति ११:५९ बजेसम्म** महानगरपालिकाको **scholarship.birgunjmun.gov.np** मार्फत अनलाइन आवेदन फाराम पेस (Online Application Form Submission) गर्न सूचना आह्वान गरिएको छ।

**१. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमहरूको विवरण :**

| | **बिषय** | **छनौट विधि** |
|---|---|---|
| **कक्षा ११ को हकमा** | Science/Management/Humanities/Education/Law | परीक्षा/GPA (परीक्षा भएमा परीक्षा सम्बन्धी कार्यक्रमको सूचना पछि प्रकाशित गरिनेछ ।) |
| **कक्षा ९ को हकमा** | **छनौट विधि** | |
| | परीक्षा/GPA (परीक्षा भएमा परीक्षा सम्बन्धी कार्यक्रमको सूचना पछि प्रकाशित गरिनेछ ।) | |

**उम्मेदवारले एक भन्दा बढी शैक्षिक विषयमा आवेदन फारम पेस गर्न पाईने छैन ।**

**२. अनलाइन आवेदन फाराम पेस गर्ने समय र शुल्क**

फाराम पेस गर्ने अन्तिम मिति : मिति २०८१ साउन १३ गते राति ११:५९ बजेसम्म

आवेदन शुल्क : निशुल्क

**नोट :-** अनलाइन फाराम पेस (submit) गर्नुअघि सच्याउने (edit) तथा पूनरावलोकन (preview) गर्ने प्रावधान राखिएको छ । फाराम पेस (submit) गरी confirmation प्राप्त गरिसकेपछि महानगरपालिकाबाट सच्याउन वा थप गर्न इमेल मार्फत अनुरोध गरेमा मात्र फाराम सच्याउन वा विवरण थप गर्न सकिने छ ।

**३. विभिन्न कार्यक्रममा आवेदन दिन आवश्यक न्यूनतम योग्यता**

क. **कक्षा ९ को हकमा –** कक्षा ८ मा न्यूनतम 1.6 GPA ल्याई पूरा गरेको

ख. **कक्षा ११ को हकमा –** SEE मा न्यूनतम 1.6 GPA ल्याई पूरा गरेको

ग. **कक्षा ९ को हकमा –** सामुदायिक विद्यालयबाट कक्षा ८ उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र

घ. **कक्षा ११ को हकमा –** सामुदायिक विद्यालयबाट SEE उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र

ङ. वीरगंज महानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाईसराईको प्रमाणपत्र

च. आरक्षणको हकमा सम्बन्धित वर्ग खुल्ने प्रमाणपत्र

**४. छनोट सम्बन्धी व्यवस्था**

(१) छनोटको प्रक्रिया लिखित परीक्षा वा GPA वा दुबै हुन सक्नेछ।

(२) **कक्षा ९ को हकमा –** लिखित परीक्षा भएमा कक्षा ८ को पाठ्यक्रममा आधारित हुनेछ।

(३) **कक्षा ११ को हकमा –** लिखित परीक्षा भएमा कक्षा १० को पाठ्यक्रममा आधारित हुनेछ।

(३) छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

**५. अनलाइन आवेदन फाराम पेस गर्ने विधि तथा निर्देशनहरू**

क. अनलाइन फाराम यस महानगरको scholarship.birgunjmun.gov.np मा उपलब्ध हुनेछ। सो आवेदन फाराम तोकिएको समयावधिभित्र अनलाइन माध्यमबाट मात्र पेस गर्न सकिने छ।

ख. अनलाइन फाराम भर्दाका बखत नै आफुले अध्ययन गर्न चाहेको विषय अनुसार विद्यालयको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ। सोही बमोजिम योग्यताक्रम प्रकाशित हुनेछ।

ग. अनलाइन फाराम भर्न चाहिने आवश्यक कागजात (फोटो)

- **कक्षा ९ को हकमा –** कक्षा ८ को ग्रेड सिट
- पासपोर्ट साईजको फोटो
- नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र वा ट्रान्सफर प्रमाणपत्र वा विद्यालयको सिफारिसपत्र
- **कक्षा ९ को हकमा –** सामुदायिक विद्यालयबाट कक्षा ८ उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र
- **कक्षा ११ को हकमा –** सामुदायिक विद्यालयबाट SEE उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र
- वीरगंज महानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाईसराईको प्रमाणपत्र
- तोकिएको आरक्षित समूहमा फाराम भर्नेको हकमा उल्लेख भए बमोजिमका प्रमाण पत्र

घ. पेस गरेका विवरणहरू झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरिनेछ ।

ङ. **कक्षा ९ को हकमा –** अनलाइन फाराम भर्नका लागि कक्षा ८ परीक्षाको विवरण भर्नुपर्नेछ ।

च. **कक्षा ११ को हकमा –** अनलाइन फाराम भर्नका लागि SEE परीक्षाको विवरण भर्नुपर्नेछ र सो विवरण मिलेमा मात्र मुख्य फाराम खुल्नेछ ।

छ. सम्बन्धित विवरण रुजु भएपछि अनलाइन फारामको मुख्य पेज खुल्नेछ । यो पेजमा आफूसँग सम्बन्धित विवरणहरू माग गरिएअनुसार भर्नुपर्नेछ ।

ज. आफ्ना सबै विवरणहरू भरि सकेर पुनरावलोकन (Preview) गरे पश्चात् अर्को पेजमा आफूले भरेको एकमुष्ट विवरण देखिनेछ । पुनः माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जाँच गरी सही नभएमा संशोधन बटन (edit button) मा क्लिक (click) गरी सच्याउन सकिनेछ । आफूले भरेको विवरण ठिक भएमा पेस गर्ने बटन (submit button) मा क्लिक (click) गर्ने । सो button क्लिक (click) गरे पश्चात सुनिश्चित गर्ने बक्स (confirmation box) आउँछ र फारम अनलाइन पेस (form submit) भएपश्चात कुनै पनि विवरण सच्याउन सकिने छैन ।

झ. फोटो तथा अन्य आवश्यक डकुमेन्ट मोबाइलले फोटो खिचेरसमेत अपलोड गर्न सकिने छ ।

ञ. आवेदन फारम अनलाइन पेस (form submit) भएपश्चात सुनिश्चित गर्ने पृष्ठ (confirmation page) देखिनेछ जसलाई प्रिन्ट तथा डाउनलोड गर्न सकिनेछ । (Note: Confirmation Page भनेको Admit Card नभई Online Form भरेको प्रमाण मात्र हो यसका आधारमा मात्र छात्रवृत्ति परीक्षामा सहभागी हुन पाईने छैन । परीक्षा संचालन हुने भएमा परीक्षामा सहभागी हुनको लागी प्रवेश पत्र अनिवार्य हुनेछ) ।

ट. महाशाखाबाट फाराम रुजु यकिन भएपश्चात विवरण मिलेमा मात्र Final confirmation पठाइनेछ ।

**६. आरक्षण सम्बन्धी व्यवस्था**

- वीरगंज महानगर पालिकाको संस्थागत बिद्यालय छात्रवृति वितरण कार्यविधि २०७५ बमोजिम हुनेछ ।

**थप आवश्यक जानकारीको लागि :**

**सम्पर्क व्यक्तिहरू:**

सुजीत श्रीवास्तव - ९८२०९०७२१५
सुरेन्द्र ठाकुर - ९८१९२२२४८८
आनन्द लामिछाने - ९८५५०६२९८५
हरि राउत - ९८५५०३४६१०

**शैक्षिक प्रशासन महाशाखा**
**वीरगंज महानगरपालिका**

दफा ३ को उपदफा (घ) सँग सम्बन्धीत

अनुसूची -१

**जो जस सँग सम्बन्धित छ**

................................. .......................... .................................जिल्ला ............................ गापा/ नपा./उ.म.न.पा./म.न.पा स्थायी ठेगाना भएका श्री ............................................ का छोरा/छोरी .............................. ले .......................................................... सामुदायिक विद्यालय (IEMIS Code No .......................................) मा कक्षा १० मा अध्ययन गरी एस.ई.ई. पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माधि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझौला ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| विद्यार्थीको नाम, थरः | प्रधानाध्यापकको नाम, थर |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |
| स्थायी ठेगाना | विद्यालयको नाम |
| | विद्यालयको छाप |

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत
प्रमाणित गर्नेको नाम, थर
पद
स्थानीय तहको नाम
मिति:
सम्पर्क नं
कार्यालयको छाप

दफा ३ को उपदफा (ग) सँग सम्बन्धीत
अनुसूची -१

**जो जस सँग सम्बन्धित छ**

................................. ....................... .................................जिल्ला ........................... गापा/नपा./उ.म.न.पा./म.न.पा स्थायी ठेगाना भएका श्री ............................................. का छोरा/छोरी ............................ ले ....................................................... सामुदायिक विद्यालय (IEMIS Code No ........................................) मा कक्षा ८ मा अध्ययन गरी कक्षा ८ पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझौला ।

| | |
|---|---|
| **दस्तखतः** | **दस्तखतः** |
| विद्यार्थीको नाम, थरः | प्रधानाध्यापकको नाम, थर |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |
| स्थायी ठेगाना | विद्यालयको नाम |
| | विद्यालयको छाप |

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत
प्रमाणित गर्नेको नाम, थर
पद
स्थानीय तहको नाम
मिति:
सम्पर्क नं
कार्यालयको छाप